प्रस्ताव नं १

शिक्षा तथा मानव स्रोत विकास केन्द्रका उपसचिव श्री रामकृष्ण पन्थीले सुशासन ऐन २०६४ बमोजिम मिति २०७८।९।१ मा पुरस्कार स्वरुप १ ग्रेड प्राप्त गरेको हुँदा थप भएको ग्रेड समावेश गरी तलबी प्रतिवेदन पारित गराई पाऊँ भनी निवेदन पेश गर्नु भएको सम्बन्धमा।

निर्णय नं १

अर्थ मन्त्रालयको आ.व.०७९/०८० तथा आ.व.०८०/०८१ को नयाँ स्वीकृत तलबमानमा रा.प.द्वितीय श्रेणीका लागि जम्मा ग्रेड संख्या ८ निर्धारण गरेको र निजको आ.व. ०७९/०८० मा नै ग्रेड सख्या ८ पूरा ग्रेड) प्राप्त गरिसकेको देखिएको। निजामती किताबखानाको कार्य सञ्चालन दिग्दर्शन, २०७२ को तलबी प्रतिवेदन पारित गर्ने व्यवस्था को (ज) मा "पुरस्कार स्वरुप दिइएको वार्षिक तलब वृद्धि(ग्रेड) को हिसाब गर्दा स्वीकृत तलबमानको अन्तिम तलब सीमा ननाघ्ने गरी तलबमान समायोजन गरी तलबी प्रतिवेदन पारित गरिने छ" भन्ने

उल्लेख भएकोले निजको पुरस्कार बापतको ग्रेड समेत जोडी तलबी प्रतिवेदन पारित गर्न नसकिने जानकारी दिने ।

**प्रस्ताव नं २**

कोष तथा लेखा नियन्त्रकको कार्यालय रुपन्देहीको च.नं. ५२६, मिति २०८०।३।१ को पत्रबाट स्थानीय तह तथा प्रदेश सरकारमा समायोजन भएका कर्मचारीहरुलाई समायोजन बापत प्रदान गरिएको २ ग्रेड निज कर्मचारी स्थानीय, प्रदेश, संघमा बढुवा भई ग्रेड समायोजन गर्दा निजले प्राप्त गरेको २ ग्रेड सहितको रकमलाई खाईपाई आएको रकम मानी ग्रेड मिलान गर्ने वा २ ग्रेड वाहेकको रकमलाई मात्र खाईपाई आएको भनी मानेर मिलान गर्ने भनी निर्देशन माग भई आएको सम्बन्धमा ।

**निर्णय नं. २**

यस सम्बन्धमा साबिकमा निजामती वा अन्य सरकारी सेवाबाट संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएमा स्थानीय र प्रदेशमा सोही पदमा समायोजन हुँदा थप २ ग्रेड दिने तपसिल बमोजिमको व्यवस्था कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा ४ मा रहेको

| हालको श्रेणी | सेवा अवधि र शैक्षिक योग्यता | समायोजन हुने तह | समायोजन हुँदा कायम हुने ग्रेड |
|---|---|---|---|
| राजपत्र अनं द्वितीय | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायकस्तर चौथो तह | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि | सहायकस्तर पाँचौं तह | – |
| रापपत्र अनं प्रथम | पाँच वर्ष भन्दा कम सेवा अवधि | सहायकस्तर पाँचौं तह | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि पूरा गरेको र राजपत्र अनं प्रथम श्रेणीमा सेवा प्रवेश गर्दाको वखत तोकिएको न्युनतम शैक्षिक योग्यता हासिल गरेको | अधिकृतस्तर छैठौं | – |
| राजपत्रांकित तृतीय | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर सातौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढी सेवा अवधि | अधिकृतस्तर आठौं | – |
| राजपत्रांकित द्वितीय | पाँच वर्ष भन्दा कम सेवा अवधि | अधिकृतस्तर नवौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
| | पाँच वर्ष वा सो भन्दा बढि सेवा अवधि | अधिकृतस्तर दशौं | – |

| राजपत्रांकित प्रथम | | अधिकृतस्तर एघारौं | खाईपाई आएकोमा दुई ग्रेड थप |
|---|---|---|---|

निज स्थानीय, प्रदेश वा संघमा पहिलो पटक बढुवा हुँदा निजले समायोजनका वखत प्राप्त गरेको थप २ ग्रेड समेतको हिसाव गरी ग्रेड समायोजन गर्ने र सोहि व्यहोरा उक्त कार्यालयलाई जानकारी दिने । **तर बढुवा पश्चात सो थप २ ग्रेड नपाउने भन्ने समेत जानकारी गराउने ।**

**प्रस्ताव नं ३**

कर्मचारी समायोजन ऐनको दफा ७ को उपदफा ७ बमोजिम प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुले प्राप्त गर्ने समायोजन ग्रेड २ थप गर्दा ग्रेड पूरा भएका कर्मचारीहरुले समेत थप २ ग्रेड प्राप्त गर्ने व्यवस्था उल्लेख भएको तर प्रत्येक वर्ष अर्थ मन्त्रालयबाट प्राप्त हुने नयाँ तलबमान तथा सुविधाको अनुसूचीमा समायोजन भएका कर्मचारीहरुको हकमा थप २ ग्रेड उल्लेख गरेको नपाइएकोले ग्रेड पूरा नभएका कर्मचारीहरुको हकमा मात्र उक्त थप ग्रेड लागू हुने वा समायोजन भएका सबैका लागि समान रुपले लागू हुने भनी जिल्लाबाट पटक पटक सोधिएको सम्बन्धमा ।

**निर्णय नं ३**

यसमा कर्मचारी समायोजन ऐन २०७५ को दफा ७ को उपदफा ४ मा समान तहमा समायोजन हुने कर्मचारीको खाईपाई आएकोमा २(दुई) ग्रेड थप पाउने भन्ने उल्लेख भएको। सोही दफाको उपदफा ७ मा प्रदेश वा स्थानीय तहको सेवामा समायोजन गर्दा थप गरिएको ग्रेड त्यस्तो **कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा वढी हुने भएमा त्यसरी थप गरिएको ग्रेड समेत दिइनेछ** भन्ने उल्लेख भएको । तसर्थ यो ग्रेड सम्बन्धी व्यवस्था समायोजन ऐनले गरेको विशेष व्यवस्था भएकोले प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएको कुनै पनि कर्मचारीले कार्यरत रहेको अवस्थामा पाउने अन्तिम ग्रेड प्राप्त गरिसके पछि पनि समायोजन बापतको थप २ ग्रेड प्राप्त गर्ने। तर कर्मचारी समायोजन ऐन २०७५ को दफा १६ को उपदफा २ मा यस ऐन बमोजिम प्रदेश वा स्थानीय तहको सेवामा समायोजन भएको सरकारी कर्मचारी कुनै कारणबाट सेवाबाट अलग भएमा निजले पाउने उपदान निवृत्तभरण, उपचार खर्च र सञ्चित विदाको रकम नेपाल सरकारले व्यहोर्ने छ भन्ने समेत व्यवस्था रहेको छ। तसर्थ त्यस्तो रकम उपलब्ध गराउँदा संघीय निजामती सेवाको समान श्रेणी वा तहको कर्मचारीले पाउने सुविधा भन्दा घटी वढी नहुने गरी उपलब्ध गराइने छ भन्ने समेत उल्लेख भएकोले त्यसरी प्रदेश वा स्थानीय तहमा समायोजन भएको कर्मचारी सेवाबाट अलग हुँदा प्राप्त गर्ने सुविधामा थप २ ग्रेड दिन नमिल्ने।

**प्रस्ताव नं. ४**

यस विभागको कार्यसञ्चालन निर्देशिका २०७२ को तलबी प्रतिवेदन पारित गर्ने व्यवस्था को (ट) मा असाधारण विदा वसेको कर्मचारीको तलबी प्रतिवेदन पारित सम्बन्धमा ।

निर्णय नं ४

यस विभागको कार्यसञ्चालन निर्देशिका २०७२ को तलबी प्रतिवेदन पारित गर्ने व्यवस्था को (ट) मा असाधारण विदा वसेको कर्मचारीले तलब नपाउने एवं सो अवधि सेवा अवधिमा समेत नजोडिने व्यवस्था रहेकोमा असाधारण विदा लिएर कार्यालयमा हाजिर भएको मितिमा निजले असाधारण विदा लिदा अर्को ग्रेड पाउने बाँकी महिना र दिन जोडी नयाँ मिति कायम गर्ने ।

| क्र.स. | विदा लिनु पुर्व ग्रेड वृद्धि भएको मिति | विदा लागू हुने मिति | विदा लिदा अर्को ग्रेड पाउने बाँकी महिना र दिन | विदा लिएको अवधी | कार्यालयमा हाजिर हुन आउने मिति | ग्रेड वृद्धिको लागि नयाँ कायम हुने मिति [हाजिर हुन आएको मितिमा ग्रेड पाउन बाँकी महिना र दिन जोड्ने ] |
|---|---|---|---|---|---|---|
| १ | हरेक बर्षको फाल्गुन १ | २०७७।१२।०१ | ११ महिना | २ बर्ष ३ महिना १५ दिन | २०८०।०३।१६ | २०८०।०३।१६ + ११ महिना = २०८१।०२।१६ गते |
| २ | हरेक बर्षको बैशाख २ | २०७७।१२।०१ | १ महिना | २ बर्ष ३ महिना १५ दिन | २०८०।०३।१६ | २०८०।०३।१६ + १ महिना = २०८०।०४।१७ गते |
| ३ | हरेक बर्षको मंसिर १० | २०७७।०१।२० | ६ महिना २० दिन | ३ महिना | २०७७।०४।२० | २०७७।०४।२० + ६ महिना २० दिन २०७७।११।१० गते |

प्रस्ताव नं ५

ग्रेड वृद्धि हुने मितिको सन्दर्भमा

निर्णय नं ५

ग्रेड वृद्धि हुने मितिको सन्दर्भमा तपसिल बमोजिम कायम/गणना गर्नेः

क. शुरु नियुक्तिको हकमा हाजिरी भएको मिति देखि कायम/गणना गर्ने

ख. बढुवा, विशेष बढुवा, तह वा स्तर वृद्धिको हकमा सामान्यतयाः निर्णय मिति देखि कायम/गणना गर्ने, तर *निर्णय मिति भन्दा लागू हुने मिति अघि भएमा* **निर्णय मिति** र *निर्णय मिति भन्दा लागू मिति पछाडि भएमा* **लागू हुने मिति** कायम/गणना गर्ने ।

प्रस्ताव नं ६

प्राविधिक ग्रेडको हकमा २०५७।०४।०१ भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति भई हालसम्म प्राविधिक नै कायम रहेकाहरुले पाउने भन्ने उल्लेख भएको तर सो मिति भन्दा अघि यस्तै प्राविधिक पदमा नियुक्ति भई मिति २०५७।०४।०३ गते हाजिर भई हाल सम्म प्राविधिक नै रहेको कर्मचारीको प्राविधिक ग्रेड सम्बधमा र रा.प.प्रथम

वा सो भन्दा माथिल्लो पदमा प्राविधिक ग्रेड नपाउने व्यवस्था भएकोमा एघारौं तहको प्राविधिक पदको कर्मचारीको प्राविधिक ग्रेड सम्बन्धमा।

निर्णय नं. ६

कुनै पनि नयाँ नियुक्त भएको कर्मचारीले हाजिरी गरेको दिन देखि तलब भत्ता पाउने कानुनी व्यवस्था भएकोले ग्रेडको गणना पनि हाजिरी गरेको दिन देखि शुरु हुने हुँदा मिति २०५७/०४/०१ भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति भई मिति २०५७/०४०/१ भन्दा अगाडि हाजिरी गरेको कर्मचारीले मात्र प्राविधिक ग्रेड प्राप्त गर्ने। रा.प. प्रथम श्रेणीका कर्मचारीहरुको हकमा स्वास्थ्य सेवाको एघारौं तहको कर्मचारीले प्राविधिक ग्रेड प्राप्त गर्ने तर अन्य सेवाको एघारौं तहको प्राविधिक कर्मचारीले प्राविधिक ग्रेड नपाउने।

प्रस्ताव नं ७

हालसम्म तलबी प्रतिवेदन पारित नगराउने कार्यालयहरुको सम्बन्धमा।

निर्णय नं. ७

हालसम्म तलबी प्रतिवेदन पारित नगराउने कार्यालयहरुको विवरण तयार पारी सम्बन्धित कार्यालय, सो कार्यलयको तालुक विभाग एवं मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय सतर्कता केन्द्र, महालेखापरीक्षकको कार्यालय, महालेखा नियन्त्रक कार्यालयमा पत्राचार गरी जानकारी गराउने र साथै जिल्ला स्थित रहेका सरकारी कार्यालयले तलबी प्रतिवेदन पारित नगराएको भए त्यस्तो विवरण तयार गरी माथि उल्लिखित कार्यालय एवं यस विभागलाई समेत सो विवरण उपलब्ध गराउने भनी जिल्ला स्थित रहेका कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलाई पत्राचार गर्ने। यस कार्य एवं सो सम्बन्धमा प्राप्त हुन आएका विवरणको रिपोर्ट पेस गर्ने जिम्मेवारी तलबी प्रतिवेदन शाखालाई तोक्ने।

प्रस्ताव न. ८

नेपाल निजामती कर्मचारी संगठन केन्द्रीय कार्य समितिको तर्फबाट अख्तियारप्राप्त ऐ. का उपमहासचिव युवाचन्द्र घिमिरेले यस विभागलाई समेत विपक्षी बनाई सम्मानित सर्वोच्च अदालतमा पेश गरेको रिट नं. ०७९-WO-११३९ को मुद्दामा निजामती सेवामा कार्यरत कर्मचारीले कार्यरत रहेकै अवस्थामा सो भन्दा माथिल्लो तलबमान भएको निजामती सेवाकै पदमा निजामती सेवा ऐन, २०४९ को दफा ७ को प्रावधान बमोजिम खुल्ला प्रतिस्पर्धाबाट नियुक्ति पदस्थापना भएमा त्यस अवस्थालाई निजामती सेवा नियमावली, २०५० (पन्ध्रौ संशोधन, २०७६) को नियम ९१(१) बमोजिमको व्यवस्था आकर्षित हुने वा सोही नियमावलीको नियम ९१ (२) बमोजिमको व्यवस्था आकर्षित हुने भन्ने विषयमा द्विविधा भई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा निर्देशन माग गरिएकोमा "खुल्ला प्रतिस्पर्धाबाट माथिल्लो पदमा नियुक्ति हुँदाको विषय बढुवा मान्न सकिने नदेखिएको" भनी मन्त्रालयको मिति २०७९।११।११ को (सचिवस्तरीय) निर्णय भएकोले उक्त निर्णय कार्यान्वयनको *सन्दर्भमा यस विभागबाट गरेको कार्यन्वयनको* लागि विभिन्न निकायहरूमा परिपत्र गरिएको विषय उपर चित्त नबुझी निजामती सेवा नियमावली, २०५० को नियम ९१ मिति २०५०/०३/२८ गते देखि कार्यान्वयनमा रहनुका साथै उक्त नियम हालसम्म परिवर्तन वा संशोधन नभएको अवस्थामा आर्थिक वर्ष

२०७८/०७९ सम्म निजामती सेवामा बहाल रहेको कर्मचारीले लोकसेवा आयोगद्वारा विज्ञापित माथिल्लो श्रेणीको पदमा उत्तिर्ण भई पदोन्नति नियुक्ति पाएका कर्मचारीहरुले बढुवा सरह मानी निजामती सेवा नियमावली, २०५० को नियम ९१ को उपनियम (२) बमोजिम तलबमान निर्धारण गर्ने गरिएकोमा आर्थिक वर्ष २०७९/०८० को लागि तलबी प्रतिवेदन पारित गर्ने क्रममा निजामती सेवामा बहाल रहेको कर्मचारीले लोकसेवा आयोगको विज्ञापन अनुसार माथिल्लो पदमा उम्मेदावार भई उत्तिर्ण गरी पदोन्नति नियुक्ति प्राप्त गर्दा शुरु नियुक्ति मानिने भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवस्तरबाट मिति २०७९/११/११ गते भएको निर्णय र सो निर्णय कार्यान्वयनका लागि च.नं. २०८ मिति २०७९/११/१२ गतेको पत्राचार समेत भएको हुँदा उल्लेखित विपक्षी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवस्तरबाट मिति २०७९/११/११ गते भएको निर्णय र सो निर्णायका आधारमा भएका पत्राचार लगायत सो निर्णयसँग सम्वन्धित अन्य कुनै निर्णयहरु भए गरेको भए सो समेत उत्प्रेषणको आदेशले बदर गरी साबिक व्यवस्था बमोजिमकै तलब भत्ता उपलब्ध गराई पाऊँ भनी मागदावी गरेकोमा सम्मानित सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल र माननीय न्यायधीश श्री सुष्मालता माथेमाको संयुक्त इजलासद्वारा मिति २०८०।०२।१६ मा भएको फैसलामा नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय, निजामती किताबखाना, कर्मचारी प्रशासन शाखाबाट मिति २०७०।०९।०९ गते भएको महानिर्देशकस्तरीय निर्णयअनुसार तलबी प्रतिवेदन पारित गराउने आधारको बुँदा नं. ८ मा खुला प्रतिस्पर्धा पास गरी रमाना लिई जाने कर्मचारीको तल्लो पदबाट टाईम स्केल मिलान (ग्रेड समायोजन) गर्नुपर्ने रहेछ भने नियमित बढुवा भए सरह मानी टाईम स्केल मिलान (ग्रेड समायोजन गर्ने भनी भएकोमा निर्णय यथावत रहेकै अवस्थामा निजामती सेवामा बहाल रहेको कर्मचारीले माथिल्लो पदको लोकसेवा परीक्षा पास गरी नियुक्त कर्मचारीलाई शुरु नियुक्ति मानी शुरु तलब मात्र उपलब्ध गराउने गरी मिति २०७९।११।११ मा भएको सचिव स्तरीय निर्णय र सो निर्णयका आधारमा भएका पत्राचार लगायतका सो सँग सम्बन्धित सूचनाहरु उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। मिति २०७९।११।११ को निर्णय उत्प्रेषणको आदेशले बदर हुने ठहरी फैसला भएको हुँदा अब संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७९।११।११ को निर्णय हुनुपूर्व कर्मचारीले खाईपाई आएको तलबमानमा नघट्ने गरी तलबभत्ता उपलब्ध गराउनु भनी विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहर्छ भनी फैसला भएको सम्बन्धमा।

**निर्णय नं. ८**

अदालतको फैसला कार्यन्वयन गर्ने तथा सो विषयमा स्पष्ट खुलाई सम्बन्धित निकायहरूमा परिपत्र गर्नेः

खुलाउनु पर्ने विषयः निजामती किताबखानाको मिति २०७०।०९।०९ गते भएको महानिर्देशकस्तरीय निर्णयअनुसार तलबी प्रतिवेदन पारित गराउने आधारको बुँदा नं. ८ मा खुला प्रतिस्पर्धाबाट पास गरी रमाना लिई जाने कर्मचारीको तल्लो पदबाट टाईम स्केल मिलान अर्थात् ग्रेड समायोजन गर्नुपर्ने रहेछ भने **नियमित बढुवा भए सरह** मानी टाईम स्केल मिलान (ग्रेड समायोजन) गर्ने।

**प्रस्ताव नं. ९**

विविध

**निर्णय नं. ९**

क) हालसम्मको तलबमानको स्केल दर र ग्रेड दर राष्ट्रिय किताबखानाको वेव साइटमा राख्ने व्यवस्था मिलाउने।

ख) उल्लिखित निर्णयहरु संलग्न राखी महालेखा नियन्त्रक कार्यालय र सो कार्यलय मार्फत सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरूमा पत्राचार गर्ने।

प्रस्ताव नं १

संघबाट प्रदेश र स्थानिय तहमा समायोजन भइ गएका तर पछि लोकसेवा आयोगको सिफारीशबाट खुल्ला/वढुवा नियुक्ति भई पुन संघमा आएका कर्मचारीहरुको ग्रेड यकिन सम्बन्धमा ।

निर्णय नं १

संघबाट प्रदेश र स्थानिय तहमा समायोजन भइ गएका तर पछि लोकसेवा आयोगको सिफारीशबाट खुल्ला/वढुवा नियुक्ति भई पुन संघमा आएका कर्मचारीहरुको हकमा निजहरु कार्यरत रहेको तहमा समायोजन ग्रेड सहित खाइपाइ आएको तलब र ग्रेडको कुल रकमलाई आधार मानि माथिल्लो पदमा ग्रेड समायोजन गर्ने र त्यस्तो वढुवा ग्रेड समायोजन गर्दा ग्रेड आउने भएमा वढुवा वापतको एक ग्रेड पनि दिने तर माथिल्लो पदमा समायोजन ग्रेड दिन नमिल्ने ।

प्रस्ताव नं २

प्रदेश लोक सेवा आयोगबाट सिफारीश भई प्रदेश र स्थानिय तहमा नियुक्ति भएका कर्मचारीहरु पछि लोक सेवा आयोगको सिफारीशबाट (खुल्ला/वढुवा) संघमा नियुक्ति भएका कर्मचारीहरुको ग्रेड समायोजन सम्बन्धमा

निर्णय नं २

प्रदेश लोक सेवा आयोगबाट सिफारीश भई प्रदेश र स्थानिय तहमा नियुक्ति भएका कर्मचारीहरुले पछि लोक सेवा आयोगको सिफारीशबाट संघमा नियुक्ति भएका कर्मचारीहरुले नया सिटरोल भरी दर्ता गराउनु पर्ने गरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट लेखी आएको । सिटरोल फारम नयाँ नियुक्त हुने कर्मचारीले मात्र भर्नुपर्ने कानुनी व्यवस्था बमोजिम त्यस्ता कर्मचारीको हकमा खुल्ला प्रतिष्पर्धाबाट नियुक्त हुने कर्मचारी सरह  ग्रेडको हिसाब गर्ने ।

नेपाल सरकार
अर्थ मन्त्रालय
# महालेखा नियन्त्रक कार्यालय

प.सं. : २०८२/८३ आन्तरिक तथा आर्थिक प्रशासन शाखा मितिः २०८३।०१।३०
च.नं. : ११६५

नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
अनामनगर, काठमाडौं

विषयः तलबी प्रतिवेदन पारित तथा ग्रेड यकिन सम्बन्धमा ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै ।

राष्ट्रिय किताबखाना (निजामती) को च.नं. ६३५, मिति २०८३।०१।३० "तलबी प्रतिवेदन पारित तथा ग्रेड यकिन" सम्बन्धी पत्र यसै साथ संलग्न छ । संलग्न पत्रबाट बेहोरा अवगत गरी सोही अनुसार गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

(कृष्णराज पौडेल)
लेखा अधिकृत

बोधार्थ :
श्री राष्ट्रिय किताबखाना (निजामती),
हरिहरभवन, ललितपुर ।

अनामनगर, काठमाडौं
**Website:** www.fcgo.gov.np, **E-mail:** ifas@fcgo.gov.np, **Phone:** 01-4770376

नेपाल सरकार
**सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
# राष्ट्रिय किताबखाना (निजामती)
(प्रशासन तथा योजना शाखा)

पत्र संख्या:-२०८२/८३
चलानी नं. :- ६३५

मिति: २०८३।०१।३०

श्री महालेखा नियन्त्रक कार्यालय,
अनामनगर, काठमाडौं।

**विषयः परिपत्र गरीदिनुहुन ।**

प्रस्तुत विषयमा तलबी प्रतिवेदन पारित र ग्रेड यकिन सम्बन्धमा यस विभागको च.नं ३७३ मिति २०८२/०१/२३ को परिपत्रको छाँया प्रति यसै पत्रसाथ संलग्न गरि पठाइएको व्यहोरा जानकारीको लागि अनुरोध छ। उक्त परिपत्र तहाँ कार्यालयबाट मातहतका सबै कोष तथा लेखा नियन्त्रक कार्यालयहरुलाई परिपत्र गरिदिई आवश्यक समन्वय गरिदिनुहुन निर्देशानुसार अनुरोध छ।

२०८३।०१।३०
(साकुन्तला अर्याल)
शाखा अधिकृत

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

(निजामती)

०१८

पत्र संख्याः २०८२/०८३

च.नं. ९७३

मितिः- २०८३/०१/२३

विषयः- तलबी प्रतिवेदन पारित र ग्रेड यकिन सम्बन्धी जानकारी सम्बन्धमा।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय,
सबै।

प्रस्तुत विषयमा विभिन्न जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयकहरुबाट विभिन्न सेवा समूहका कर्मचारीहरुको ग्रेड यकिन सम्बन्धमा द्विविधा उत्पन्न भई यस विभागमा ग्रेड यकिनका लागि पत्राचार भएकोमा जिल्ला स्थित कार्यालयहरुको हकमा निजामती सेवा ऐन, २०४९ को दफा७ख.(२) अनुसार **'मन्त्रालय, सचिवालय, आयोग र विभाग तथा उपत्यका भित्र रहेका कार्यालयमा कार्यरत निजामती कर्मचारीको हकमा राष्ट्रिय किताबखाना (निजामती) र जिल्लास्थित कार्यालयका निजामती कर्मचारीको हकमा सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पास नगराई तलब खुवाउनु हुँदैन'** भन्ने व्यवस्था भएको तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.नं.१८०, मिति २०७६/०५/१८ को परिपत्र अनुसार बुँदा नं. ४ मा **'स्थानीय तहका कर्मचारी र संघबाट काजमा स्थानीय तहमा कामकाज गर्न खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गर्ने'** भनी उल्लेख भएकोले तपसिल बमोजिम ग्रेड यकिन गर्ने तथा तलबी प्रतिवेदन पारित गर्ने सम्बन्धमा सोही अनुसार गर्नुहुन अनुरोध छ।

**तपसिलः**

१. प्राविधिक ग्रेडको हकमा २०५७/०४/०१ गते भन्दा अगाडि प्राविधिक पदमा नियुक्ति र हाजिरी भई हालसम्म पनि प्राविधिक पदमा निरन्तर वहाल रहेका कर्मचारीले मात्र प्राविधिक ग्रेड प्राप्त गर्ने तर रा.प. प्रथम श्रेणी र श्रेणी विहिन वन रक्षक कर्मचारीको हकमा निजहरुले प्राविधिक ग्रेड नपाउने साथै प्राविधिक पदको तल्लो पदबाट रा.प.श्रेणीमा बढुवा/नियुक्ति हुँदा तल्लो पदमा खाइपाई आएको प्राविधिक २ ग्रेड समेत समावेश गरी हिसाब मिलान गर्ने तर स्वास्थ्य सेवाका एघारौं तहसम्मका कर्मचारीले प्राविधिक ग्रेड पाउने।
२. जुनसुकै सेवा समूहका कर्मचारीको हकमा पनि शुरु नियुक्तिको हकमा हाजिरी भएको मितिलाई आधार मानेर ग्रेड हिसाब गर्ने ।

महानिर्देशक

पत्र संख्याः २०८२/०८३

३. बढुवा/नियुक्ति भएका कर्मचारीहरुको हकमा निर्णय वा लागू मिति मध्ये जुन मिति पछाडि छ त्यही मितिलाई आधार मान्ने तर न्याय सेवाका कर्मचारीको हकमा माथिल्लो पदमा बढुवा/ नियुक्ति हुँदा लागू हुने मितिलाई आधार मान्ने ।

४. **कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम** समान पद/तहमा प्रदेश वा स्थानीय तहमा समायोजन भएर गएका कर्मचारीहरुलाई उक्त कर्मचारी सम्बन्धित प्रदेश वा स्थानीय तहमा गई हाजिर भएको मितिदेखि लागू हुने गरी थप २ ग्रेड दिनुपर्दछ र माथिल्लो पदमा बढुवा गर्दा समेत समायोजन बापतको उक्त ग्रेड राखेर ग्रेड हिसाब गर्नुपर्दछ। तर उक्त कर्मचारी समायोजन हुँदा जुन पद/तहमा समायोजन भएको हो सो पद/तहभन्दा माथिल्लो पद/तहमा बढुवा भएपश्चात् समायोजन बापतको उक्त ग्रेड नपाउने व्यवस्था छ ।समान पद/तहमा समायोजन भएर प्रदेश/स्थानीय तहमा गएका कर्मचारीको हकमा समायोजन गर्दा थप गरिएको ग्रेड त्यस्तो कर्मचारीले पाउने अधिकतम ग्रेड भन्दा बढी हुने भएमा त्यसरी थप भएको ग्रेड समेत दिने।

५. <u>उदाहरणका लागि असाधारण र बेतलबी विदाको हकमा हिसाब गर्ने तरिकाः</u>

| क्र. सं. | विदा लिनु पूर्व ग्रेड वृद्धि भएको मिति | विदा लागू हुने मिति | विदा लिंदा अर्को ग्रेड पाउने बाँकी महिना र दिन | विदा लिएको अवधि | कार्यालयमा हाजिर हुन आउने मिति | ग्रेड वृद्धिको लागि नयाँ कायम हुने मिति (हाजिर हुन आएको मितिमा ग्रेड पाउन बाँकी महिना र दिन जोड्ने) |
|---|---|---|---|---|---|---|
| १. | हरेक वर्षको फागुन १ | २०७७/१२/०१ | ११ महिना | २ वर्ष ३ महिना १५ दिन | २०८०/०३/१६ | २०८०/०३/१६ + ११ महिना = २०८१/०२/१६ गते |
| २. | हरेक वर्षको बैशाख २ | २०७७/१२/०१ | १ महिना | २ वर्ष ३ महिना १५ दिन | २०८०/०३/१६ | २०८०/०३/१६ + १ महिना = २०८०/०४/१७ गते |
| ३. | हरेक वर्षको मंसिर १० | २०७७/०१/२० | ६ महिना २० दिन | ३ महिना | २०७७/०४/२० | २०७७/०४/२० + ६ महिना २० दिन = २०७७/११/१० गते |

कुनै कर्मचारी असाधारण र बेतबली विदामा रहेको अवस्थामा निज विदामा रहेको अवधिको थप ग्रेड संख्या नदिने।

६. कुनै कर्मचारी निलम्बनमा रहेको अवस्थामा निलम्बन अवधिभर थप ग्रेड संख्या नदिने। तर निलम्बन पश्चात् निलम्बन फुकुवा भएमा निलम्बन अवधिको ग्रेड समेत दिने। गयल कट्टी

महानिर्देशक

नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

# राष्ट्रिय किताबखाना

(निजामती)

पत्र संख्याः २०८२/०८३

भएको अवस्थामा गयल कट्टी भएको अवधिलाई घटाएर मात्र अर्को ग्रेड थप हुने मिति कायम गर्ने।

७. कुनै कर्मचारीलाई पुरस्कार वापत ग्रेड रकम दिइएको रहेछ भने सो अवधिमै पुरस्कार ग्रेड समेत राखेर हिसाब गर्ने र पुरस्कार वापत दिइने ग्रेड रकम राखेर हिसाब गर्दा उक्त श्रेणीमा पाइने अधिकतम ग्रेड संख्या नाघ्न नहुने।

८. स्तर वृद्धि हुने स्वास्थ्य सेवाका कर्मचारीहरु र तहवृद्धि हुने कार्यालय सहयोगी पदका कर्मचारीहरुको हकमा माथिल्लो पदमा स्तर/तह वृद्धि हुँदा प्रोत्साहन वापतको थप ग्रेड संख्या नदिने।

९. औषधी उपचार सहयोग स्वरुप रकम वृद्धि सम्बन्धमा मिति २०६२/०४/०१ मा ८५ वर्ष उमेर पुगेपछि १०% दिने र २०६४/०४/०१ मा ७५ वर्ष उमेर पुगेपछि १०% दिने प्रावधान रहेकोमा यदि निवृत्तिभरण अधिकार पत्र वाहक वा पारिवारिक निवृत्तिभरण अधिकार पत्र वाहकको उक्त उमेर पुगे पश्चात् पाउने थप औषधी उपचार खर्च लिन नपाउँदै मृत्यु भएमा पनि उक्त अवधिको सुविधा सम्बन्धित हकवालालाई दिने। (जस्तैः कुनै निवृत्तिभरण अधिकार पत्र वाहक वा पारिवारिक निवृत्तिभरण अधिकार पत्र वाहकको मृत्यु ७८ वर्षमा भएको अवस्थामा निजले ७५ वर्ष उमेर पूरा भए पश्चात् पाउने थप औषधी उपचार खर्च सुविधा नलिएको भए उक्त अवधिको सुविधा सम्बन्धित हकवालालाई दिन मिल्ने)।

१०. बढुवा गरेर ग्रेड संख्या हिसाब गर्दा सम्बन्धित आ.व.मा सम्बन्धित श्रेणीको तलब स्केल, अधिकतम ग्रेड संख्या र ग्रेडदर ख्याल गर्ने।

११. काठमाडौं उपत्यकाभित्र रहेका संघ अन्तर्गतका सम्पूर्ण निकायहरुमा कार्यरत कर्मचारीको बाहेक अन्य कर्मचारीको तलबी प्रतिवेदन/ग्रेड प्रमाणिकरणको कार्य सम्बन्धित जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट गर्ने।

<u>बोधार्थ</u>

श्री महालेखा परीक्षकको कार्यालय, अनामनगर, काठमाडौं

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं

श्री महालेखा नियन्त्रक कार्यालय, अनामनगर काठमाडौंः- सबै कोलेनिकालाई परिपत्र गरिदिनुहुन।

०८२/७/२३

महानिर्देशक